मितिः २०८२/०६/२८
समयः दिनको २:०० बजे

आज मिति २०८२ साल असोज महिनाको २८ गते मङ्गलबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको एकचालिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | सोविता |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख | अधिकृत स्तर आठौं श्री रामजी रायमाझी | |
| २. | स्वास्थ्य शाखा प्रमुख | हरि प्रसाद उपाध्याय | |
| ३. | राजस्व शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ४. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ५. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ६. | प्रशासन शाखा | प्रा.स. श्री रामबाबु बस्नेत | |
| ७. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०६/२८ गतेको एकचालिसौं कार्यपालिका बैठकको निर्णय

**निर्णय नं.१ः शान्ति सुरक्षा सम्बन्धमाः**

मुलुकको हालको विद्यमान परिवर्तित परिस्थितिमा घर आँगन मै आइसकेको २०८२ सालको महत्वपूर्ण चाड तिहारको शान्ति सुरक्षालाई मध्य नजर गर्दै संस्कृति जगेर्ना स्वरुप देउसी भैलो खेल्ने कार्य र यस नगर क्षेत्रमा सञ्चालनमा रहेका दोहोरी साँझ, डान्सबार , डिस्को, रेष्टरेण्ट एवं मादक पदार्थ बिक्रीवितरण गर्ने पसलहरु रातको ८:०० बजे सम्म मात्र संचालन गर्न सुचित गर्ने ।साथै तिहारको अवसरमा पटका तथा बारुदजन्य पदार्थ पड्काउँदा/प्रयोग गर्दा आगजानी, धन जन लगायतको क्षति एवं बालबालिकाहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकोले यस नगरपालिका क्षेत्र भित्र पटका तथा बारुदजन्य पदार्थ विक्रिवितरण नगर्न एवं नपड्काउन/प्रयोग नगर्न सम्बन्धित सबैको लागि सूचित गर्ने र साथसाथै हाम्रो मौलिक संस्कृति झल्कने देउसी भैलो कार्यक्रमको श्रव्य दृष्य सामग्रि ह्वाट्स एप नम्बरमा पठाउन आव्हान गरी प्राप्त भएको उत्कृष्ट श्रव्य दृष्य सामग्रिलाई उचित सम्मान गरिने जानकारी सहितको सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ः- नेपाल मेडिकल कलेज सम्बन्धी समस्या समाधान सम्बन्धमाः**

नेपाल मेडिकल कलेजको सम्पत्ति कर सम्बन्धमा आएको बेरुजुको विषयमा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखा परिक्षणले ठहर गरेको बेरुजु सम्बन्धमा सम्पत्ति कर मुल्याङ्कनको विषय वस्तु गुनासो लगायतमा छानवीन गरी ३५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी कार्यपालिका सदस्य श्री पासाङ वाङचुक ह्योल्मो शेर्पाको संयोजकत्वमा संयोजक आफैंले तोकेको दुई सदस्य समेत गरी तिन सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ः- योजना तथा कार्यक्रमको ठेक्का बन्दो वस्त सम्बन्धमाः**

आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रमहरुमा साँस्कृतिक धरोहरु, मठ मन्दिर र पूनः निर्माण बाहेकका सार्वजनिक निर्माणका योजनाहररु प्रभावकारी रुपमा संचालन गर्न रु दस लाख भन्दा माथि बजेट रहेका योजनाहरु ठेक्का प्रकृयाबाट संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ः- अनुमोदन सम्बन्धमाः**

मिति २०८२ साल भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनबाट ध्वस्त भएका यस नगरपालिका स्थितका प्रहरी वीट प्रभागहरु र वडा कार्यालयहरुलाई यथासक्य चाडो सूचारु गर्न नगरकार्यपालिका कार्यलयबाट भएका खर्चहरु र शान्ती सुरक्षा गस्तीका लागि प्रहरि वीटलाई उपलब्ध गराइएको सवारी साधनहरु (मोटर साइकल) खरिदको खर्च अनुमोदन गरियो।र सुन्दरीजल र बालुवा प्रहरि चौकीलाई समेत १/१ थान मोटरसाइकल उपलब्ध गराउने निर्णय गरियो ।

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०६/२८ गतेको एकचालिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.५: विविध सम्बन्धमा:

१) आर्थिक वर्ष ०८२/०८३ को लागि नगर स्तरिय तथा वडा स्तरियबाट विनियोजन भएका चालू प्रकृतिका कार्यक्रमहरुमा उत्पादन मुलक बाहेकका धार्मिक, शैक्षिक,अध्ययन अवलोकन भ्रमण, भ्रमण, गोष्ठी र अभिमुखिकरणका कार्यक्रमहरु कटौति गर्ने निर्णय गरियो ।

२) नगर अस्पताल भवन निर्माण ठेक्काको सातौं रनिङ्ग बील बापतको रकम सम्बन्धित ठेकेदार श्री सुर्यचन्द्र कन्ट्रक्सन प्रा. लि. लाई रु.एक करोड भुक्तानी गर्न पर्ने भएको र आ.ब. ०८२/०८३ मा नगर अस्पताल शिर्षकमा विनियोजित रु.एक करोड शिर्षक को बजेट नगरपालिकाको आन्तरिक तर्फबाट भएकोले उक्त शिर्षकमा रकम भई नसकेकोले हाललाई नगरको विविध खर्च खाताबाट उक्त रु. एक करोड रकम भुक्तानी गर्ने पछि नगरको आन्तरिक राजस्व संकलन भई नगर अस्पताल शिर्षकमा विनियोजित रु.एक करोड शिर्षक मा रकम जम्मा भए पश्चात विविध खर्च खातामा समायोजन गर्ने निर्णय गरियो ।

३) यस नगरपालिका क्षेत्र भित्र अस्थाई रुपमा बसोबास गर्ने भाडामा बस्ने नागरिकहरुको परिचय खुल्ने परिचय पत्र र पेशा व्यवसायको विवरण सहितको लगत राख्न आवश्यक भएकोले वडा कार्यालयबाट सूचना जारी गरी सो सम्बन्धी विवरण संकलन गरी लगत राख्ने निर्णय गरियो ।

४) यस नगरपालिका अन्तर्गतका वडा नं.५,६र७ वडा कार्यालयहरु मिति २०८२ साल भाद्र २४ गतेको जेन्जि आन्दोलनको मारमा परी ठुलो क्षति भएकोले उक्त वडा कार्यालयहरुलाई सेवा सुचारू गर्न र मर्मत तथा पुन निर्माण गर्न लाग्ने खर्च नगरको नगर स्तरिय विपद व्यबस्थापन शिर्षकवाट खर्च लेख्ने गरी मर्मत, कार्यालय व्यवस्थापन र पुन निर्माणका कार्यहरु गर्ने निर्णय गरियो ।

५) यस नगरपालिका वडा नं.६ बस्ने विद्या श्रेष्ठले आफ्नो नाममा रहेको का.जि जोरपाटी गा.वि.स. वडा नं.४ सि.नं. १०२-१०२९-१४ को कि.नं.३०४ को क्षे.फ.१३७.०८ ब.मी. जग्गामामा बनेको घरमा कोठा बहालमा लिई बस्ने बविता नामको व्यक्तिले घरको बरण्डा र बरण्डा हुँदै जाने कौशीमा कैंची गेट निर्माण गरी आवत जावतमा रोक लगायको र कौशिको टायल समेत मर्मत गर्न नपाएको हुनाले उक्त बरण्डा र कौशीमा जान अवरोध हुने कैंची गेटमा ताला नलगाउने र घरको मर्मत तथा संरक्षणा गर्न निर्वाद रुपमा आवत जावत गर्न पाउने व्यवस्था गरी पाउँ भनि निवेदन दिएकोले नगरपालिका कार्यालयले उक्त अवरोध फुकाई निवेदकको आफ्नो घरको मर्मत तथा संरक्षण र निर्बाध आवत जावत गर्न पाउने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०६/२८ गतेको एकचालिसौं कार्यपालिका बैठकको निर्णय*

६) आ.ब.०८२/०८३ को नगर स्तरीय स्वास्थ्य तर्फको चालू शिर्षक असाध्य रोग अनुदान एवंम् बिपन्न उपचार सहयोग बाट खर्च लेखिने गरी देहाय बमोजिम उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नामथर | उपचार विवरण | रकम |
|---|---|---|---|
| १ | हरेराम के.सी. | जन्डिस रोग | रु.५०,०००/- |
| २ | पेम्बा तामाङ | जिब्रो को क्यान्सर | रु.५०,०००/- |
| ३ | मिना रानाभाट | पेटको क्यान्सर | रु.५०,०००/- |
| ४ | राजेन्द्र तामाङ | नगरको एम्बुलेन्सबाट घाइते भएकाको उपचार | रु.५०,०००/- |

७) यस नगरपालिकाको ४० औं कार्यपालिकाको बैठकबाट अनुमति समेत प्राप्त गरी वडा नं.६ स्थितको चामुण्डा माध्यामिक विद्यालयले शैक्षिक सत्र २०८२ देखि कक्षा ११मा विज्ञान अन्तर्गतका विषयहरु अध्यापन गराउदै आएकोमा विद्यालयको माग अनुसार उक्त विद्यालयलाई विज्ञान विषय अध्यापन संचालन व्यवस्थापनका लागि आ.ब. ०८२/०८३ को नगरस्तरीय नगर प्रमुख कार्यक्रमबाट खर्च लेखिने गरी रु.५,००,०००/- अनुदान उपलब्ध गराउने निर्णय गरियो ।